# वेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स :२०८१/०८२
च.न.: ९३४१

मितिः २०८१/११/०१

**विषयः आ.व. २०८२/०८३ का लागि बेरोजगार व्यक्तिको सुचीकृत हुने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा १, रोजगारीको हक सम्बन्धी (दोश्रो संशोधन) नियमावली २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा १८ उपदफा १ बमोजिम आगामी आ.व. २०८२/८३ का लागि न्युनतम रोजगारीमा संलग्न हुन ईच्छुक १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आफु स्थाई बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८१ फाल्गुन १ गते देखि फाल्गुन २९ गते भित्र तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>आवश्यक कागजातहरु</u>

१. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
२ निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सोको प्रतिलिपि १ प्रति
३. निवेदकको फोटो १ प्रति
४. परिवारमा रहेका व्यक्तिहरुको नागरिकता प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी १/१ प्रति
५. बसाइसराई भएको भए सोको प्रमाणपत्रको प्रतिलिपी १ प्रति

............
रामदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ/वोधार्थ
श्रीमान नगर प्रमुख ज्यूको सचिवालय
श्रीमान नगर उप-प्रमुख ज्यूको सचिवालय
श्री सबै वडा कार्यालयहरु
श्री सूचना प्रविधि शाखा website मा upload गरिदिनहुन ।